**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०८०/०८१ का लागि तपसिलका योजनाहरु समपुरक योजनाका रुपमा छनोट गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपुरक योजना(२०८०/०८१, प्रति योजना ५० लाख)**

क) तुलसीपुर उपमहानगरपालिकाको ख र ग लाईनको सडक स्तरउन्नती ।

ख)हेमन्तपुर बैरागी चोक देखि सक्राम हुदै गतिम्ले जोडने सडक ।

ग) वडा नं. २ को पहलुवा हुर्दै हेकुली देखि वडा नं. १ को हेल्थपोष्ट देखि ठाटीगाउ हुदै मखनटाकुरी जोडने सडक ।

घ) वडा नं. ८र ९ को हात्तिगौडा देखि कटकुईया हुदै भट्टे कालामारे जोडने सडक ।

ङ) वडा नं. ३ को एकता टोलहुदै सरस्वती मा.बि. जोडने सडक ।

च)वडा नं. १०,११ र १२ को पुकारपसल ,पढ्ढा क्वागि हुदै उरहरी जोडने सडक ।

**बहुबर्षिय योजनाहरु(आ.ब.२०८०/०८१)**

तपसिल बमोजिमका योजनाहरुलाई पुर्वाधार समितिको समन्वयमा स्थलगत निरिक्षण पछि मात्र ल.ई गरी संझौता गर्ने गरी बहुर्षिय योजनामा छनोट गर्ने ।

१.वडा नं. १५ को दक्षिण कुररिया पक्कि सिंचाई कुलो,भजना निर्माण ।

२.वडा नं. १८ को प्राबि सुवाकोटी भवन निर्माण ।

३.वडा नं. १७ को निमुवा गाउ देखि भित्रि सडक बनकट्टा छबिलाल वलीको घर सम्म जोडने सडक ।

४.वडा नं. ३ को रानागाउ हेल्थपोष्ट देखि हरेबास हुदै डाडाखटी - सल्यान लुहाम जोडने सडक ।

५.वडा नं. ८ टिकरी चमिखोलामा बक्स कलभर्ट निर्माण ।

६.कटाहा प्रिगाउ बन्धुरिया सोतामा कल्भर्ट निर्माण ।

७. वडा नं. ३ को गहते त्रिबेणीमा बक्स कलभर्ट निर्माण ।



राम बहादुर के.सी.

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

८.वडा नं. १२ जलकुण्डी ग्वारखोलामा तटबन्ध निर्माण ।

९.वडा नं. १९ को सुगुरखोला छिल्लीकोट सडक निर्माण ।

१०.वडा नं. ३ को भट्टे हुदै कालामारे जोडने सडक ।

११.ह्युमपाईप , बिद्युतपोल र तारजालीको प्राबिधिक ल.ई. अनुसार टेण्डर प्रकृया गर्ने ।

१२.वडा नं. १४ करंगा देखि गोठुवा हुदैं भोजपुर जोडने सडक निर्माण ।

१३.वडा नं. १८ को बिजौरी देखि बांसडबरा बालुवाडाडा कुलो पक्कि ।

१४.वडा नं. १७ को लालपुर चौधरी गाउ पश्चिमबाट भितुरिया जाने सडक निर्माण ।

१५.तुलसीपुर १२ को गरगरिया निर्माणाधिन पुलको दक्षिण पश्चिम तर्फको गरगरीया र कुचिलिमा तटबन्ध निर्माण ।

१६. वडा नं. १९ देखि १८ जोडने हात्तिखाल देखि डौडारे जोडने सडक ।

१७.तुलसीपुर १ पाठक टोल देखि कुमालगाउ जोडने सडक कालोपत्रे ।

१८.खौसापुर देखि डबकपुर हुदै जितपुरसम्म जाने सडक स्तरउन्ती ।

१९.तुलसीपुर ५ र ९ को बीचमा पातुखोलामा २ स्थानमा चेकडयाम निर्माण ।

२०.तुलसीपुर ४ को सिमलखोरीयामा खानेपानी टंकी निर्माया तथा बिस्तार ।

२१.तुलसीपुर २ को बुद्धनगर टोलको तल्लो खैरीपुर सिंचाई कुलो बांध मर्मत ।

२२.वडा नं. १३ को फुलबारी कुटि देखि वडा नं. १४ जोडने अकमि सडक निर्माण तथा स्तर उन्नती ।

२३.वडा नं. १६ को भेलाही चोरखोलीमा पहिरो नियन्त्रण गर्नका लागि पक्कि आरसिसि निर्माण ।

२४.हरिपौरीको मेट्रो सुकुम्बासी बस्तीमा वालनिर्माण ।

२५.वडा नं. १५ को कन्जवार टावरनेर कुलो निर्माण ।

२६. तुलसीपुर १ को काठेखोलीमा तटबन्ध तथा पराजुली खोलामा कल्भर्ट निर्माण ।

२७.वडा नं. ६नं. दम्मा कुलोमा कल्भर्ट निर्माण ।

२८. वडा नं. ५ को ज्ञानज्योती आ.बि.मा खेलकुद मैदान निर्माण ।



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

२९. तुलसीपुर ७ जितपुर नवलपुर हुदै वडा नं. ४ को खाद्रे माबि चोक सम्मको बाटो स्तरउन्नती

३०. तुलसीपुर ९ को हातेमालो टोलमा पक्किनाला सहित बाटो कालोपत्रे ।

३१.वडा नं. १३ को बखरिया स्कुल देखि झोलङ्गेपुल सम्मको बाटो निर्माण ।

३२.तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ हिमाल टोलको पश्चिम तर्फको पातुखोला ढिकको मोहनमान श्रेष्ठको घर पछाडीको भित्तामा ग्याबिन वाल १०० मिटर निर्माण ।

३३.वडा नं. १० को गौरीगाउ सिंचाई कुलामा स्याल्याप कल्भर्ट निर्माण ।

३४.वडा नं. ११ को उरहरी डबरा वाल निर्माण ।

३५. वडा नं. ५ को बसपार्क नवश्रृजना टोल जोडने सडकमा नाला निर्माण ।

**निर्णय नं. २**

दाङ्ग जिल्ला साबिक डुरुवा गा.बि.स. वडा नं. १ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ घर भई हाल अस्थायी रुपमा काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ९ बस्ने नरभूप शाहको नातिनी दक्ष बहादुर शाहको छोरी गोर्खाली शाहको श्रीमती बर्ष ७७ को मोती शाह बिरुद्ध तुलसीपुर उपमहानगरपालिकाका नगरकार्यपालिकाको कार्यालय र तुलसीपुर उपमहानगरपालिकाका वडा नं. १५ वडा समितिको कार्यालय समेत भएको श्री सम्मानित सर्बोच्च अदालतबाट मिति २०७९।१२।१९ गते म्याद तामेल भएको रिट नं. २०७९-WO-००८३१ मा लिखित जवाफ दर्ता गर्न/तारेखमा रहि पुर्पक्ष समेत गर्नका लागि यस कार्यालयका सहायक स्तर पांचौ तहमा कार्यरत श्री हुमबहादुर वि.क. लाई प्रतिनिधि तोक्ने निर्णय गरियो

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ को सहसानु बहुउद्देश्यीय पशु फर्मका प्रो. भक्त बहादुर डागीको बाखा फारामको खोर निर्माण का लागि यस उपमहानगरपालिकाको गाउनगर साझेदारी बिकास कोषबाट १० प्रतिशत ब्याज दरमा मासिक रुपमा सावा र ब्याज भुक्तानी गर्ने गरी रु १००००००।(दश लाख मात्र) र बैदेशिक रोजगारीबाट फिर्ता हुनु भएका तुलसीपुर ४ कल्लेखोला बस्ने तेजबहादुर डागीलाई ब्यवसाय सञ्चालनका लागि रु ५०००००।(पांचलाख मात्र) १० प्रतिशत ब्याज दरमा मासिक रुपमा सावा र ब्याज भुक्तानी गर्ने गरी ऋण सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

(टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं.४**

यस तुलसीपुर उपहानगरपालिकाको बजार बजार व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुका लागि अतिरिक्त सुबिधा वापत मासिक रुपमा खाईपाई आएको पारिश्रमिकमा खटिएको मिति देखि मासिक रुपमा २०००,(दुईहजार मात्र) र पोशाख खर्च सहित उपलब्ध गराउने मिति २०७९ चैत्र ९ गते नगर प्रमुख ज्यूको अध्यक्षतामा बसेको बैठकको नि.नं. २ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न ५**

तुलसीपुर उपमहानगरपालिकाको ३१औं स्थापना दिवशलाई भब्य तथा सभ्य बनाउनका लागि तपसिल बमोजिमको स्थापना दिवश व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| | | |
|---|---|---|
| श्री स्यानी चौधरी | उपप्रमुख | संयोजक |
| श्री कार्यपालिका सदस्य सबै | | सदस्य |
| श्री प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाले चालु आ.ब.का लागि नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा संघीय सरकारबाट भएका परिपत्र बमोजिम २० प्रतिशत कटौती गर्ने तथा संघीय सरकारबाट कार्यक्रम तथा बजेट स्वीकृत भएका केहि योजनाहरुको बजेट कटौती भई आएकोले कार्यसम्पन्न भईसकेका योजनाहरुलाई नपुग रकम आगामी आ.ब.को कार्यक्रममा समावेश गरी भुक्तानी दिने र Running योजनाहरुका सम्बन्धमा कार्यप्रगति प्रतिवेदनका आधारमा भुक्तानी गर्ने गरी सोको व्यवस्थापनका लागि पूर्वाधार बिकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै आन्तरिक श्रोत तर्फको तपसिलमा संलग्न पाना बमोजिम खर्च शिर्षकमा कम्तीमा २० प्रतिशत बजेट कटौति गर्ने निर्णय गरियो

**निर्णय नं. ७**

नेपाल बिद्युत प्राधिकरण तुलसीपुर बितरण केन्द्रको च.नं. ७४६ मिति २०७९।१२।०६ गते प्राप्त पत्रानुसार यस उपमहानगरपालिकाले नेपाल बिद्युत प्राधिकरणलाई भुक्तानी गर्नु पर्ने सडक बत्तिको बांकी बक्यौता रकम मिनाहका लागि नेपाल सरकार उर्जा,जलश्रोत तथा सिचाई मन्त्रालयमा अनुरोध गर्ने,हाल सम्म के कति बक्यौता वास्तविक रुपमा यस उपमहानगरपालिकाले नेपाल बिद्युत प्राधिकरणलाई बुझाउनु पर्ने हो द्धिपक्षीय रुपमा छलफलबाट हिसाव मिलान गरी किस्ताबन्दीमा तिर्ने गरी संझौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ बिकट एवं ग्रामिण वडा भएको,यातायातको प्रभावकारी व्यवस्था नभएको अवस्थामा ३ नं. वडा समितिको कार्यालयको च.नं. १९६९ मिति २०७९।१३।२३ गतेको सिफारिस पत्र बममोजिम तुलसीपुर ३ को राम्री,खमारी देखि अम्बास सम्म जोडने अन्दाजि ३ किमि झोलुंग्गे पुल निर्माण गरी यातायातलाई प्रभावकारी बनाउनका लागि सम्बन्धीत निकायमा माग गर्ने निर्णय गरियो ।



टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका वडा नं. १४ र ४ का तपसिलका झो.पु.हरु निर्माणका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

१. मटेरा देखि चौपारीय जोडने बबई नदिमा झो.पु. ।
२.लुहाडबरा दुम्ना डबकपुर खौसापुर जोडने बबई नदिमा झो.पु.
३. लुहाडबरा भौका डबकपुर जोडने बबई नदिमा झो.पु ।
४.गोठुवा कचिला जोडने ग्वार खोलामा झो.पु ।
५.तुलसीपुर ४ सिरसेखोलामा झोलङ्गे पुल निर्माण ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाका आ.ब. २०७८/०७९ को मलेप प्रतिवेदन उपर दफावार छलफल गरी सोमा औंल्याईएका बिषयगत सुझावहरुलाई क्रमिक रुपमा लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका आर्थिक बिकास,प्राकृतिक श्रोत र राजश्व परामर्श समितिको सदस्य सचिवमा राजश्व शाखा प्रमुखलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक आयलाई चुस्त,दुरुस्त र थप प्रभावकारी बनाउनका साथै राजश्व मुल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. श्री ललित बहादुर घर्ती | संयोजक | राजश्व शाखा |
| २. श्री खिमलाल वली | सदस्य | लेखा अधिकृत |
| ३ .श्री मस्त बहादुर थापा | सदस्य | आन्तरिक व्यवस्थापन तथा खरिद ईकाई |
| ४.श्री पवन योगी | सदस्य | ईन्जीनियर |
| ५. श्री राजु श्रेष्ठ | सदस्य सचिव | राजश्व शाखा |

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट प्रदान गरिएका घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र समयमा नवीकरण गराउन छुट हुन गएका व्यवसायीहरुको इजाजपत्र तुलसीपुर उपमहानगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि २०७४ को दफा ३ बमोजिमको म्याद नाघि दफा ४ बमोजिम खारेजीमा परेका तपसिल अनुसारका व्यवसायी ईजाजतपत्र अन्तिम एक पटको लागि लाग्ने कुल राजश्व सहितको दोव्वर विलम्ब शुल्क लिई आर्थिक बिकास समितिको सिफारिस बमोजिम नवीकरण गर्ने निर्णय गरियो ।





तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**टिकाराम खड्का**
**नगर प्रमुख**

**राम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

१. दिप कन्स्ट्रक्सन एण्ड सप्लायर्स तुलसीपुर ९,

२.पि. यू कन्स्ट्रक्सन तुलसीपुर १२,

३.बि.के.डी कन्स्ट्रक्सन तुलसीपुर ८,

४कुसुमेश्वर निर्माण सेवा तुलसीपुर १०,

५.के आर निर्माण सेवा तुलसीपुर ७,

६.बाल भैरव निर्माण सेवा तुलसीपुर २,

७.ओ पि पि कन्स्ट्रक्सन तुलसीपुर ५,

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिकको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात सहित निवेदन पेश हुन आएका फर्महरुलाई कार्यविधिको दफा २ बमोजिम निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न उपर्युक्त देखि आर्थिक विकास सिमितिले सिफारिस गरेका तपसिल बमोजिका निर्माण ब्यवसायीलाई ईजाजत अनुमति पत्र प्रदान गर्ने निर्णय गरियो ।

१.शारदा निर्माण सेवा, तुलसीपुर ५,

२.डम्बर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि तुलसीपुर १२

३.समृद्धि कन्स्ट्रक्सन एण्ड मल्टी प्रपोज प्रा.लि तुलसीपुर १२,

४.भ्याली निर्माण सेवा तुलसीपुर ८

५.वि.के कन्स्ट्रक्सन तुलसीपुर १२

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र (सडकबत्ति, ट्राफिक आईल्याण्ड तथा बसपार्क भित्री क्षेत्र बाहेक) तपसिल अनुसारको विज्ञापन कर संकलन गर्न आ.व. २०७९/०८०, ०८०/०८१ र ०८१/०८२, को लागि रित पुर्वक E-Bidding आह्वान गर्दा कुनै पनि बोलपत्र दाताले बोलपत्र पेश नगर्नु भएको हुँदा बिज्ञापन करको ठेक्का पुन प्रकाशन गरी व्यवस्थापन गर्ने निर्णय गरीयो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को तुईसोतामा पक्कि पुल निर्माणका क्रममा जग्गा क्षेती भएका श्री मनिकर्ण न्यौपाने लाई आर्थिक सहयोग वापत रु ५००००।(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो । साथै अव उप्रान्त कुनै पनि प्रकारका आर्थिक सहयोगमा बढिमा ५०००।( पांचहजार मात्र) नगरप्रमुखको तोक आदेश बाट उपलब्ध गराउन अख्तीयारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

हावाहुरी गर्मियाम सुरुवातका साथै लगतै सुरुहुने वर्षायाममा हुने आगलागी,बाढी, पहिरो डुबान जस्ता विपद्का सम्भावित घटनाहरुलाई समेत मध्यनजर गरी खोज तथा उद्धार कार्यलाई सहज र सरल बनाउनका लागी वडास्तर सम्म विस्तार गरी विपद् जोखिमलाई न्यूनिकरण गर्न वडा स्तरमा पनि न्यूनतम रुपमा खोज तथा उद्धारका लागि आवश्यक सामग्री हुनुपर्ने तर्फ यस उपमहानगरपालिकाले महसुस गरेको र सो सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले परिपत्र समेत गरेकोले तपसिल बमोजिमका खोज तथा उद्धार सामग्रीहरु वडास्तरमा व्यवस्थापन गर्ने गराउने र खोज तथा उद्धार सामग्रीहरु उपलब्ध गराइदिन वडा कार्यालयका साथै प्रहरी चौकीहरुबाट समेत अनुरोध भएकोले विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी आवश्यक खोज तथा उद्धार सामग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

**वडास्तरमा र खोज तथा उद्धार सामग्रीहरु**

| सि.नं. | विवरण | थान | कैफियत |
|---|---|---|---|
| १ | **स्ट्रेचर** | १ | **स्थानगत आवश्यकता अनुसार समाग्रीहरु थपघट हुन सक्ने** |
| २ | वाल्टी (सकेसम्म फलामको) | ५ | |
| ३ | डोरी (बलियो) | ५०-१०० मिटर | |
| ४ | सेफ्टी हेल्मेट (गुणस्तरीय) | ५ | |
| ५ | बन्चरो | २ | |
| ६ | ट्युव | २ | |
| ७ | खुर्पा, हँसिया | २ | |
| ८ | कोदालो, बेल्चा | २/२ | |
| ९ | हाते आरी | २ | |
| १० | लिभर,सप्पल गल | २ | |
| ११ | घन | २ | |
| १२ | टर्चलाईट तथा हेडलाइट | २ | |
| १३ | लाईफ जाकेट | २ | |

**निर्णय नं. १८**

संघीयताका पे कार्यान्वयनको सिलसिलामा बिभिन्न स्थानीय तहहरुको मर्जर तथा साबिक जिल्ला बिकास समितिका कर्मचारीहरुलाई स्थानीय तहमा समायोजन गर्दा मर्ज भएका पालिकामा कार्यरत साबिक स्थानीय निकायका स्थायी कर्मचारीहरु र जिल्ला बिकास समितिबाट स्थानीयमा समायोजन भएका स्थायी कर्मचारीहरु अनिवार्य वा स्वईच्छिक अवकाश हुंदा निजहरुलाई उपलब्ध गराउनु पर्ने कर्मचारी कल्याण कोष वापतको रकम भुक्तानी गर्नु पर्ने भएको तर यस उपमहानगरपालिकामा रकम





तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.

अभाव भएका कारण त्यस प्रकारका कर्मचारीहरुका लागि आवश्यक पर्ने रकम रु ५०००००००।(पांच करोड मात्र) रकम उपलब्ध गराईदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**
तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ दोघरेमा करिव ३५ बिगाह क्षेत्रफलको जग्गामा तुलसीपुर नगरविकास समितिद्धारा विकास गरी नेपाल सरकारबाट मिति २०६३/०६/०२३ मा स्वीकृती प्राप्त दोघरे जग्गा एकिकरण(ल्याण्डपुलिङ) कार्यक्रम सञ्चालित छ । उक्त कार्यक्रम स्थल भित्र समितिको सर्भिस प्लटहरु बिक्रिबाट बिद्युत लाईन बिस्तार, सबै सडकहरुमा पक्कि नाला पुर्बाधारका निर्माण कार्य भएकोमा करिव ३ किमि सडक कालोपत्रे गर्नका लागि बजेटको अभाव रहेकोले उक्त सडक कालोपत्रे गर्नका लागि आवश्यक बजेट ब्यवस्था गराउन संघीय निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**
तपसिल बमोजिमका नदि तथा खोलाहरुमा आवश्यक कानुनी प्रकृया परा गरी आई.ई. गर्ने निर्णय गरियो ।

**तपसिल**

| **बबई नदि** | **प्रभावित वडा** | **लागतखर्च** |
|---|---|---|
| १.ड्वाङपुर जीतपुरघाटक्षेत्र | वडा नं १४ | करीब रु ७५,०००/- |
| २. डबकपुरघाटक्षेत्र | वडा नं १४ | करीब रु ७५,०००/- |
| ३. चौपरिया क्षेत्र | वडा नं १४ | करीब रु ७५,०००/- |
| ४. पक्किपुलको पूर्व शितलपुर क्षेत्र | वडा नं १२ | करीब रु ७५,०००/- |
| ५. पक्किपुलको पश्चिमशितलपुर क्षेत्र | वडा नं ११ | करीब रु७५,०००/- |
| ६. मोतिपुरघाटक्षेत्र | वडा नं ११ | करीब रु७५,०००/- |
| ७. सुकौरा मसान घाट एरीया | वडा नं ११ | करीब रु७५,०००/- |

**भम्के खोला**

| | | |
|---|---|---|
| १.पक्किपुलको दक्षिण वटोलपुर क्षेत्र | वडा नं ८ | करीब रु ७५,०००/- |
| २. पक्किपुलको उत्तर वटोलपुर क्षेत्र | वडा नं २, ८ | करीब रु ७५,०००/- |
| ३. कजवेदेखि उत्तर ठाटीगाँउ एरीया | वडा नं १ | करीब रु७५,०००/- |

**चिरेघाट खोला**

| | | |
|---|---|---|
| १.चिरेघाट एरीया | वडा नं २ | करीब रु ७५,०००/- |





टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ चैत्र २४ गते शुक्रबार (वि.सं.२०७९।१२।२४) तुलसीपुर उपमहानगरपालिकाको १०औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**ग्वार खोला**

१.बायोखोला क्षेत्र वडा नं ४ करीब रु ७५,०००/-

२. मानपुरे बाँध र मलवारे बाँधक्षेत्र,ग्वारखोला तेल्याकुलो बाध देखि ५०० मिटर माथिको क्षेत्रमा वडा नं ४, ७, करीब रु ७५,०००/-

३. लहलौरा भोजपुर जाने पुलदेखि दक्षिण तर्फको क्षेत्र वडा नं १२, १६ करीब रु ७५,०००/-

**पातु खोला**

| | | |
|---|---|---|
| १.राइखलियानदेखि दक्षिण तर्फको एरीया | वडा नं १० | करीब रु७५,०००/- |
| २. बटोलपुर एरीया | वडा नं १० | करीब रु७५,०००/- |
| ३. भमके र पातु खोलादोभानउत्तर एरीया | वडा नं ८, १० | करीब रु७५,०००/- |
| ४. सुकौराघाटदेखि उत्तरतर्फको एरीया (बनगाँउ क्षेत्र) | वडा नं १०, ११ | करीब रु७५,०००/- |
| ५. सुकौरा पक्कीपुलदेखि दक्षिण तर्फको एरीया | वडा नं ११ | करीब रु७५,०००/- |

**गहते खोला**

| | | |
|---|---|---|
| १.गहते खोलापुल देखि दक्षिण तर्फको क्षेत्र | वडा नं ८ | करीब रु ७५,०००/- |

**सग्रामखोला**

| | | |
|---|---|---|
| १.मंगरी, जमेरा,निमुवा क्षेत्र | वडा नं १ | करीब रु७५,०००/- |
| २. पत्रे र सग्राम दोभान क्षेत्र | वडा नं १७ | करीब रु ७५,०००/- |
| ३. कोठरी पुलदेखि दक्षिण क्षेत्र | वडा नं १५ | करीब रु ७५,०००/- |
| | **जम्मा** | **रु १७,२५,०००/-** |

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ मा रहेको बहुउद्देश्यीय कवर्डहलमा पानी टंकी तथा नाला र ट्रस्ट निर्माणका लागि रु ५०००००।(पाचलाख मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**टिकाराम खड्का**
**नगर प्रमुख**

**राम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**